स्थानीय राजपत्र

पञ्चेश्वर गाउँपालिकाद्वारा प्रकाशित

सुदूर पश्चिम प्रदेश, आम्चौरा जेष्ठ २५ गते शनिबार २०७६ साल खण्ड १ संख्या १०


# पञ्चेश्वर गाउँपालिका स्थानीय कृषि व्यवसाय प्रवर्द्धन कार्यविधि, २०७६

(२०७६/०२/२५ को गाउँ सभा बाट अनुमोदन) पञ्चेश्वर गाउँकार्यपालिकाबाट स्वीकृत मिति २०७६/०२/२५

## पञ्चेश्वर गाउँपालिका स्थानीय कृषि व्यवसाय प्रवर्द्धन कार्यविधि, २०७६

**प्रस्तावना:**

पञ्चेश्वर गाउँपालिकाको क्षेत्र भित्रको कृषिको व्यवसायीकरण गर्न, कृषि व्यवसायकोप्रवर्द्धन एवं व्यवस्थापन गर्न, कृषक एवम् कृषि व्यवसायी बीच आपसी सम्बन्ध सुदृढगर्न तथा कृषि करारको माध्यमबाट उत्पादन बढाउन र बजारीकरण द्वारा व्यवसायिकरूपमा समग्र कृषि विकासका लागि आवश्यक कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले, गाँउकार्यपालिकाले नेपालको संविधानको धारा २२६ र स्थानीय सरकार सञ्चालन ऐन२०७४ को दफा १०२ बमोजिम कार्यविधि बनाई लागु गरेको छ।

### परिच्छेद १
### प्रारम्भिकनाम, परिभाषा

**१. संक्षिप्त नाम र प्रारम्भ:**

(१) यस ऐनको नाम "स्थानीय कृषि व्यवसाय प्रवर्द्धन कार्यविधि, २०७६" रहेकोछ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

**२. परिभाषा : विषय वा प्रसँगले अर्को अर्थ नलागेमा यस ऐन मा,-**

(क) " प्रमूख" भन्नाले गाउँपालिकाको प्रमूखलाई सम्झनुपर्छ।

(ख) "उत्पादक" भन्नाले कृषि वस्तु उत्पादन गर्ने कृषक वा कम्पनी वा कृषि फार्म वा सहकारी उत्पादक सम्झनु पर्छ।

(ग) "एजेन्ट" भन्नाले कृषि उद्यमी, व्यवसायी, कृषि बजार वा कृषिजन्य वस्तुहरूकोकारोबार गर्ने दर्तावाला व्यक्ति सम्झनु पर्छ र सो शव्दले सँगठित संस्थाकोप्रतिनिधिलाई समेत जनाउँछ।

(घ) "कार्यपालिका" भन्नाले नगर कार्यपालिका सम्झनुपर्छ।

(ङ.) "कोष"भन्नाले यस ऐनको दफा १० बमोजिम स्थापित भएको कृषि व्यवसायप्रवर्द्धन कोषलाई सम्झनु पर्छ।

(च) "कृषक" भन्नाले यस कार्यविधिको प्रयोजनका लागि कसैको जग्गाकरारमा लिई वा आफ्नैजग्गामा व्यावसायिक कृषि खेती गर्ने कृषक, कृषक समूह, कृषिव्यवसायी, कृषि फर्म र कृषि सहकारी समेतलाई सम्झनु पर्छ।

(छ) "कृषि" भन्नाले अनुसूची (१) मा उल्लेख भए बमोजिमका बिषयसंग सम्वन्धितकृषिलाई सम्झनु पर्दछ र सो शव्दले व्यवसायिक कृषिलाई समेत जनाउँछ।

(ज) "कृषि फार्म" भन्नाले व्यवसायिक प्रयोजनको लागि अनुसूची (१) बमोजिमकावाली उत्पादनका लागि सञ्चालन गरिएको कृषि फार्म सम्झनु पर्छ।

(झ) "कृषि बजार" भन्नाले कृषि उपजको ग्रेडिङ, प्याकेजिङ्ग, ढुवानी, भण्डारण, वितरण तथा कृषिउपजको बिक्री वितरण गर्ने कृषि बजार सम्झनु पर्छ।

(ञ) "कृषिजन्य वस्तु" भन्नाले कृषकले कुनै बोट बिरुवा वा जीवजन्तुबाट उत्पादनगरेको उपभोग्य कृषि वस्तु सम्झनु पर्छ ।

(ट) "कृषि व्यवसाय" भन्नाले देहायको व्यवसाय सम्झनु पर्छ :-

(१) व्यवसायिकउद्देश्यले गरिने कृषि बाली वा वस्तुको उत्पादन,

(२) कृषिजन्य वस्तुकोप्रशोधन,

(३) कृषि उपजको व्यापार,

(४) कृषि उत्पादनका लागि प्रयोग हुनेरासायनिक वा प्राङ्गारिक मलको उत्पादन, भण्डारण तथा वितरण,

(५)कृषिउत्पादनकोलागिप्रयोग हुनेविउ,वेर्ना, नश्लरभुराको उत्पादन,परामर्श सेवा,भण्डारण तथा वितरण,

(६) कृषिमा प्रयोग हुने औषधि एवम् विषादीको उत्पादन,परामर्श, भण्डारण तथा बिक्री व्यवसाय ।

(ठ) "खुद्रा बजार"भन्नाले कुनै बिक्रेताले उपभोक्तालाई बिक्री गर्ने खुद्रा बजारलाईसम्झनु पर्छ ।

(ड) "गाउँपालिका" भन्नाले पञ्चेश्वर गाउँपालिकालाई सम्झनु पर्छ ।

(ढ) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस ऐन बमोजिम बनेकोनियमावलीमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(ण) "थोक बजार" भन्नाले कुनै उत्पादक वा विक्रेताले अर्को विक्रेतालाई कृषिजन्यवस्तु बिक्री वितरण गर्ने स्थलको थोक बजारलाई सम्झनु पर्छ ।

(त) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले पञ्चेश्वर गाउँपालिकाको प्रमुख प्रशासकीयअधिकृत सम्झनुपर्छ ।

(थ) "बिक्रेता" भन्नाले कृषि वस्तुहरू बिक्री गर्ने व्यापारी, कृषक, कृषक समूह, कृषिफार्म, सहकारी संस्था, कम्पनी वा एजेन्ट बिक्रेता समेतलाई सम्झनु पर्छ ।

(द) "मन्त्रालय" भन्नाले संघ तथा प्रदेशको कृषि क्षेत्र हेर्ने मन्त्रालयलाई सम्झनुपर्दछ ।

(ध) "व्यवसायिक कृषि करार" भन्नाले कृषि फार्मको सञ्चालन, कृषिवस्तुकोव्यावसायिक उत्पादन, खरिद, विक्री,सञ्चय र बजारीकरण गर्न वा कृषि व्यवसायप्रवर्द्धन गर्न दुई वा दुईभन्दा बढी पक्ष वीच भएको सम्झौ लाई सम्झनु पर्दछ ।

यस शब्दले व्यवसायिक कृषि प्रयोजनको लागि व्यक्तिगत वासंस्थागत रूपमालिजमा लिन दिन वा कृषिजन्य उद्योगको लागि कृषि वस्तु वा वालीको उत्पादनवा आपुति गर्न दुई वा दुई भन्दा बढी पक्षहरूबीच क्षेत्रफल,परिमाण,मूल्य रगुणस्तरको आधारमा भएको करारलाई समेत जनाउँछ ।

(न) "वडा" भन्नाले पञ्चेश्वर गाउँपालिकाको वडा सम्झनुपर्छ ।

(प) "समिति" भन्नाले यस ऐनको दफा ५ बमोजिम गठन भएको कृषि बजारसञ्चालन तथा व्यवस्थापन समिति सम्झनु पर्छ ।

(फ) "सभा" भन्नाले पञ्चेश्वर गाउँपालिकालाई सम्झनुपर्छ ।

(ब) "सकंलनकेन्द्र"भन्नाले कृषकहरूले दोस्रो बजार मा विक्री गर्ने उद्देश्यलेकृषिउपज संकलन गरेर विक्रेतालाई विक्री गर्ने संकलन केन्द्रलाई सम्झनु पर्छ।

(भ) "हाट-बजार" भन्नाले कृषि उपज लगायत अन्य स्थानीय उत्पादन विक्री गर्नेउद्देश्यले स्थानीय तहबाट स्वीकृत लिई सञ्चालन भएको स्थानीय बजारलाईसम्झनु पर्छ ।

## परिच्छेद २
## कृषि बजार सम्वन्धी व्यवस्थ

**३. कृषि बजारको स्थापना:**

(१) गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको कुनै पनि स्थानमा कृषि बजारको स्थापना गर्नसक्नेछ ।

(२) कृषि सम्वन्धी सहकारी वा कृषि सम्वन्धी व्यवसायिक संस्थाले सम्वन्धितगाउँपालिकाको अनुमति लिई कृषि वजारको स्थापना गर्न सक्नेछ ।

**४. कृषि बजारको वर्गीकरण :**

(१) यस ऐनको दफा ३ वमोजिम स्थापना हुने कृषि वजारको वर्गीकरण देहायवमोजिमको हुनेछः-

(क) थोक वजार,

(ख) खुद्रा वजार,

(ग) हाट-वजार,

(घ) संकलन केन्द्र

(२) उपदफा (१) वमोजिमको वजार सञ्चालन वापत लाग्ने शुल्क गाउँ सभाले तोकेवमोजिम हुनेछ ।

(३) वजार सञ्चालन सम्वन्धी अन्य व्यवस्था कार्यपालिकाले तोके वमोजिम हुनेछ ।

**५. कृषि बजार सञ्चालन तथा व्यवस्थापन समिति :**

(१) यस ऐनको दफा (३) वमोजिम स्थापना भएको कृषि वजारको सञ्चालन तथाव्यवस्थापन गर्नको लागि कृषि बजार तथा व्यवस्थापन समिति रहनेछ ।

(२) कृषि वजार सञ्चालन तथा व्यवस्थापन समिति सम्वन्धी अन्य व्यवस्था तोकिएवमोजिम हुनेछ ।

## परिच्छेद ३
## कृषि व्यवसाय प्रवर्द्धन सम्बन्धी व्यवस्था

**६. स्थानीय कृषि कार्यक्रम कार्यान्वयन समितिः**

(१) कृषि क्षेत्रको समग्र विकास तथा प्रवर्द्धन लगायतका कार्य गर्न पञ्चेश्वर गाउँपालिकाकामा एक स्थानीय कृषि कार्यक्रम कार्यान्वयन समिति रहनेछ ।

(२) उपदफा (१) वमोजिमको समितिमा देहाय वमोमिजका सदस्यहरू रहने छन् :-

(क) गाउँपालिका -अध्यक्ष

(ख) आर्थिक विकास समिति संयोजक -सदस्य

(ग) गाउँपालिका उपाध्यक्ष -सदस्य

(घ) गाउँपालिकाले तोकेको कार्यपालिका सदस्य २ जना -सदस्य

(ङ) प्रमुख प्रशासकीय अधिकृत -सदस्य

(च) गाउँपालिकाले तोकेको कृषि सहकारी संस्था मध्ये एक जना-सदस्य

(छ) गाउँकृषि समन्वय समितिको अध्यक्ष प्रतिनिधि एक जना -सदस्य

(ज) गाउँपालिकाको कृषि उप शाखा प्रमुख -सदस्य सचिव

(३) समितिले सम्वन्धित क्षेत्रको विशेषज्ञ तथा अन्य व्यक्तिलाई समितिको वैठकमा आमन्त्रण गर्न सक्नेछ

(४) समितिको बैठक सम्वन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे वमोजिमहुनेछ ।

(५) समितिले यस कार्यविधिको उद्देश्य कार्यान्वयन गर्न आवश्यकता अनुसार विभिन्नउप–समितिहरू गठन गर्न सक्नेछ ।

(६) समितिको सचिवालय गाउँपालिकाको कृषि क्षेत्र हेर्ने शाखामा रहनेछ ।

## परिच्छेद ४

**समितिको काम, कर्तव्य र अधिकार :**

**७.यस कार्यविधिमा अन्यत्र व्यवस्था भएदेखि वाहेकसमितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-**

(क) स्थानीय स्तरमा कृषि व्यवसाय प्रवर्द्धन गर्न आवश्यक नीति तथा योजना तर्जुमागर्ने,

(ख) गाउँपालिकाले तोकेको कृषि पकेटको विकास हुने योजना र कार्य प्रकृया तय गर्ने ।

(ग) कृषि व्यवसाय प्रवर्द्धन का लागि अनुगमन मूल्याकन तथा अनुदान वितरणसिफारिस समितिले सिफारिस गरेका योजनाहरुमा अनुदान वितरणको अन्तिमनिर्णय गर्ने,

(घ) कृषिका योजना तथा कार्यक्रमहरुको कार्यान्वयनका आवश्यक निर्णय गर्ने,

(ङ) कृषि व्यवसाय प्रवर्द्धन गर्न संघीय तथा प्रादेशिक निकायसँग समन्वय र सहकार्यगर्ने

(च) कृषि व्यवसायको प्रवर्द्धन गर्ने सम्बन्धमा कार्यकम सञ्चालन गर्ने,

(छ) कृषि व्यवसाय प्रवद्धर्न गर्न आवश्यक पर्ने सीप, प्रविधि तथा अन्य आवश्यकविषयको उचित व्यवस्था गर्न प्रवर्द्धनात्मक कार्यहरू गर्ने,

(ज) कृषि व्यवसाय प्रवर्द्धन कोषको सञ्चालन गर्ने,

(झ) तोकिए बमोजिमको अन्य आवश्यक कार्य गर्ने ।

**८. अनुगमन मुल्याकन तथा अनुदान वितरण सिफारिस समितिः**

(१) कृषि क्षेत्रको समग्र विकास तथा प्रवर्द्धन कार्यमा लक्षित तथा वास्तवीक कार्य गर्ने किसान काहा योजना पुर्‍याउन प्राप्त निवेदन, पकेटको सिफारिस क्षेत्रमा अनुगमन सुपरिवेक्षण गरि मूलयाकन आधामा अनुदान वितरण गर्न सिफारिस
गर्न अनुगमन मुल्याकन तथा अनुदान वितरण सिफारिस समिति गठन गरिएको छ ।

(२) उपदफा (१) बमोजिमको समितिमा देहाय बमोमिजका सदस्यहरू रहने छन् :-

(क) प्रमूख प्रशासकिय अधिकृत वा निजले तोकेको अधिकृत-संयोजक

(ख) पशु पंक्षि विकास शाखा प्रमुख -सदस्य

(ग) अध्यक्षले तोकेको प्रशासनिक कर्मचारी १ जना -सदस्य

(घ) गाउँपालिकाको कृषि शाखा प्रमुख -सदस्य सचिव

**९. अनुगमन मूल्याकन तथा अनुदान वितरण सिफारिस समितिको काम, कर्तव्य र अधिकारः**

(१) यस कार्यविधिमा अन्यत्र व्यवस्था भए देखि वाहेक समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ :-

(क) अनुदान वितरण पुर्व गाउँपालिका पकेट लगायतका क्षेत्र, आवेदन दिएका किसानको माग योजनाहरुको अवस्था अर्थात सम्भाव्यता सुपरिवेक्षण तथा अनुगमन गर्ने ।

(ख) गाउँपालिकाको नीति कार्यक्रम अनुरुप कृषि क्षेत्रको विकासका लागि तय भएका कार्यक्रमलाई प्रभावकारी वनाउन आवश्यक प्रभावकारी प्रकृया अपनाउन सहजीकरण गर्ने ।

(ग) अनुगमनका क्रममा योजना समावेश गर्ने वा नगर्ने निक्यौंलगरि निर्णय सहित आवश्यक सिफारिस गर्ने ।

(घ) योजनाहरुमा अनुदानको मादण्ड अनुसार आवश्यक भए नभएको हेर्ने र योजनाको आवश्यकता र प्रभावकारीता हेरी अनुदान कति सम्म दिन मिल्ने सोको पुष्ट्याई सहित सिफारिस गर्ने ।

(ङ) नयाँ प्रविधि, वढी रोजगारी सृजना, उत्पादन वढावा दिने, वढी आम्दानी दिने र सहकारी खेतीलाई अनुदानमा प्राथमिकता दिर्ने ।

(च) कृषि कार्यक्रमको सूचना बमोजिम पर्न आएका निवेदन, प्रस्तावना आदिको मूल्यांकन गरि छनौट गर्ने र निर्णयका लागि सिफारिस गर्ने ।
(छ) तोकिए बमोजिमको अन्य आवश्यक कार्य गर्ने ।

**१०. कृषिको व्यवसायिकरणका लागि अनुदान मापदण्ड** : यस कार्यविधिमा अन्यत्र व्यवस्था भए देखि बाहेक अनुदान मापदण्ड देहाय बमोजिम हुनेछः-
(क) प्रविधि जडान, वढी रोजगारी सृजना, वढी उत्पादन र वढी आम्दानी दिने व्यवसयिक योजनाहरुमा ७५ प्रतिशत सम्म
(ख) कषिजन्य पूर्वाधार संरचना निर्माण ७५ प्रतिशत सम्म
(ग) वीउ विजन, मल आदिमा ७५ प्रतिशत सम्म
(घ) उपकरण तथा मसिनरी खरिदमा ५० प्रतिशत सम्म
(ङ) यसमा भएका प्रावधानको विस्तृत अर्थात खण्डीकृत रुपमा समितिले तोके अनुसार हुनेछ

**११. कृषि कार्यक्रम कार्यान्वयन प्रकृया:** (१) यस कार्यविधि अनुरुप नगरका कृषि कार्यक्रमहरु साना किसान, अगुवा किसान, व्यवसायिक किसान, कृषि समुह, कृषि सहकारी, गैसस, कृषि फाम, निजी क्षेत्र आदि संगको साझेदारी र नगरपालिकाले आफ्ना कर्मचारी परिचालन मार्फत निम्न वमोजिम कार्यान्यवन गर्ने छ ।
(क) नगरपालिकाले तोकेको वा निर्धारण गरेको पकेट, व्लक र जोनको प्रवद्धन हुने गरि योजना निर्माण, प्रविधि, उपकरण तथा मसिनरी र सिप प्रदान गर्ने ।
(ख) व्यवसायिक किसान, फर्म, सहकारी, कृषि समुह, कृषि संग सम्वन्धित गैसस, नीजि संस्था मार्फत कृषिको व्यवसायिरणका लागि सूचना प्रवाह गरि मागकाआधारमा निवेदन/प्रस्तावना स्विकृति गरेर साझेदारी गर्ने ।
(ग) नगरपालिकाले पकेटमा तोकेको वस्तुहरुको उत्पादन वृद्धि, प्रसोधन, भण्डारण,वजारीकारण कार्यका लागि निजी फम, सहकारी, कृषि समुह, गैसस आदि संग साझेदारी गर्ने ।
(घ) साना किसानहरुको हकमा कृषि समुह मार्फत नगरपालिकाले जनशक्ति परिचालन वा आवश्यक भए साझेदारी मार्फत परिचालन गरि सहयोग गर्ने ।
(ङ) साना किसानहरुको कृषि व्यवसाय प्रवद्धनका लागि आईपिएम प्रविधि, टनेल, थोपा सिचाई मार्फत होम गार्डेन प्रवर्द्धन गर्ने ।

**१२. कृषि समुह, समन्वय समिति गठन र परिचालन:**(१) यस कार्यविधि अनुरुप नगर क्षेत्रमा कृषिको उत्पादन वृद्धि, प्रवद्धन तथा व्यवसायिकरणका लागि समुह, समन्वय समिति गठन तथा परिचालन निम्न
अनुसार हुनेछ ।
(क) साना किसानहरुले आफ्नो टोलमा पाईक पर्ने स्थानमा साझा उद्देश्यका साथ सामुहिक प्रतिवद्धता गरि १५ देखी २५ जना सम्मको कृषि समुह गठन गर्न सक्नेछन ।
(ख) कृषि समुह नगरपालिकाको आर्थिक विकास शाखा अन्तरगतको कृषि ईकाईमा तोकेको शुल्क तिरी कार्यालयबाट उपलब्ध हुने फर्मेट बमोजिमको निवेदन तथा विवरण फारम, समुहबाट पारित बिधान तथा समुह गठन गर्दाको निर्णयको प्रतिलिपि ,सम्वनधीत वडा कार्यालयको सिफारिस सहित दर्ता गर्नु पर्नेछ ।
(ग) यस कार्यविधि भन्दा पहिले गठन भई जिल्ला कृषि विकास कार्यालयमा दर्ता भएका समुह यसै अन्तरगत गठन भएको मानीने छ ।

(घ) नगरपालिकाले वडा स्तरमा तोकेको पकेटमा पहिलो प्राथमिकता, दोश्रो प्राथमिकता, तेश्रो प्राथमिकता लगायतका वस्तुहरुकोव्यवसायिकरण र प्रवद्धनकालागि उक्त वस्तुका व्यवसायिक किसानहरुको वस्तु अनुसार भिन्ना भिन्नै समन्वय समिति गठन गर्ने । जस्तै केरा पकेटमाकेराखेती किसान समन्वय समिति, तरकारी पकेटमा तरकारी खेती किसान समन्वय समिति, आलु पकेटमा आलुखेती किसान समन्वय समिति आदि ।

(ङ) किसानहरुले वडातहका सवै समन्वय समितिवाट १/१ जना प्रतिनिधि भेला गराई नगर स्तरिय १९ सदस्यीय समावेसीमुलक नगर कृषि समन्वय समिति गठन गर्ने ।

**१३. कृषि व्यवसायलाई सुविधा दिने:**(१) नगरपालिकाले कृषि व्यवसायका लागि देहाय बमोजिम छुट तथा सुविधा दिन सक्नेछ :-

(क) स्थानीय कर निकासी शुल्क

(ख) कृषि व्यवसाय प्रवर्द्धन सम्बन्धी प्रविधि प्रयोग र विस्तारमा अनुदान जस्तै ढुवानी साधन, यान्त्रिक उपकरण आदि ।(२) उपदफा (१) बमोजिम दिइने छुट तथा सुविधाहरू तोकिए बमोजिम हुनेछ । (३) उपदफा (१) बमोजिम दिइने सुविधाको अतिरिक्त अन्य सुविधा समितिको सिफारिसमा कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

**१४. कृषि ऋण :**

(१) कुनै पनि वैंक वा वित्तीय संस्थाले सो संस्थाको नियम बमोजिम कृषि ऋण उपलव्ध गराउन सक्नेछ

(२) प्रचलित नेपाल कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस कार्यविधि बमोजिमको व्यावसायिक कृषि करार सम्बन्धी सम्झौता लाई धितोको रूपमा स्वीकार गरी कुनै वैंक वा वित्तीय संस्थाले उपदफा (१) बमोजिमको ऋण उपलव्ध गराउन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम उपलव्ध गराउने ऋणलाई सरकारको अति प्राथमकिता क्षेत्रमा कर्जा लगानी गरेको सरह मानी सो वापत उक्त बैंक वा वित्तीय संस्थाले पाउने सुविधा समेत पाउन सक्नेछ ।

(४) कुनै वैंक वा वित्तीय संस्थाले उपदफा (२) बमोजिम गरेको लगानी उठ्न नसक्ने भई अपलेखन गर्नु पर्ने भएमा सो अपलेखन गरेको वर्षको खुद करयोग्य आयबाट सो अङ्क बरावरको रकम घटाउन सक्ने छ ।

## परिच्छेद ५

कोषको स्थापना तथा सञ्चालन

**१५. कोषको स्थापना:**

(१) कृषि व्यवसाय प्रवर्द्धन गर्नका लागि एक छुट्टै कृषि व्यवसाय प्रवर्द्धन कोषकोस्थापना गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरू रहने छन् :-

(क) संघीय तथाप्रादेशिक सरकारबाट प्राप्त रकम,

(ख) गाउँपालिकाबाट प्राप्त रकम,

(ग) नेपाल सरकारबाट विदेशी सरकार, अन्तराष्ट्रिय संघ संस्थासँग सम्झौतागरी स्थानीय तहमा विनियोजित रकम वापत प्राप्त रकम

(घ) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

(३) उपदफा (१) को खण्ड (ग) बमोजिमको रकम प्राप्त गर्नु अघि संघीय अर्थमन्त्रालयको स्वीकृति लिनु पर्नेछ ।

**१६. कोषको सञ्चालन:**

(१) गाउँपालिकाको नीति, कानुन तथा निर्देशन बमोजिम कृषि व्यवसायको प्रवर्द्धनगर्नका लागि कोषको रकम खर्च गरिनेछ।
(२) कोषको सचिवालय गाउँपालिका अन्तर्गतको कृषि शाखामा रहनेछ।

**१७. कोषको सञ्चालन सम्बन्धी व्यवस्था:**
(१) समितिको तर्फबाट गरिने सम्पूर्ण खर्च दफा १० बमोजिमको कोषबाट तोकिएबमेजिम व्यहोरिनेछ।
(२) समितिको कोषमा रहेको रकम समितिले प्रचलित कानून बमोजिम कुनै वैकमाखाता खोली जम्मा गर्नेछ।
(३) समितिको कोषको सञ्चालन समितिको अध्यक्ष वा सदस्य-सचिव र लेखाप्रमुखको संयुक्त दस्तखतबाट हुनेछ।
(४) कोषको सञ्चालन सम्वन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

**१८. लेखा र लेखापरीक्षण:**
(१) कोषको आय व्ययको लेखा प्रचलित कानून बमोजिम राख्नु पर्नेछ।
(२) कोषको लेखापरीक्षण महालेखा परीक्षकवाट हुनेछ।

## परिच्छेद ५
## व्यवसायिक कृषि करार (लिज)

**१९. व्यवसायिक कृषि करार गर्न सकिने :**
(१) यस ऐन बमोजिम कृषि व्यवसायको प्रवर्द्धन गर्न दुई वा दुई भन्दा बढी पक्षवीच व्यवसायिक कृषि करार गर्न सकिनेछ।
(२) उपदफा (१) बमोजिम करार गर्दा प्रचलित नेपाल कानूनको अधिनमा रही पक्षहरूको आपसी सहमतिमा विद्युतीय प्रणालीको माध्यमवाट समेत गर्न सकिनेछ।
(३) उपदफा (२) बमोजिमको करार गर्दा अपनाउनु पर्ने प्रक्रिया तोकिए बमोजिम हुनेछ।

**२०. जग्गा तथा भौतिक साधन उपलब्ध गराउन सकिने :** कुनै व्यक्ति, संस्था वा निकायले कृषि व्यवसाय गर्ने प्रयोजनका लागि व्यक्ति, कृषि फार्म वा व्यवसायी, कृषक समूह वा त्यस्ता कृषक समुह मिलेर बनेको समिति, सहकारीलाई जग्गा तथा भौतिक सम्पत्ति करार गरी उपलब्ध गराउन सक्नेछ।

**२१. जग्गा तथा भौतिक साधन माग गर्न सक्ने:**
(१) कुनै कृषक वा कृषि व्यवसायीले व्यावसायिक रूपमा कृषि सम्वन्धी कार्य गर्नको लागि प्रचलित कानूनको प्रतिकूल नहुने गरी करार बमोजिम जग्गा तथा भौतिक साधन प्राप्त गर्न दफा १५ बमोजिमका व्यक्ति वा निकायसँग माग गर्न सक्नेछ।
(२) उपदफा (१) बमोजिम जग्गा तथा भौतिक साधन माग भई आएमा निश्चित अवधि तोकी प्रचलित कानून बमोजिम सम्बन्धित निकायले करारमा जग्गा तथा भौतिक साधन उपलव्ध गराउन सक्नेछ।
(३) जग्गा तथा भौतिक साधन उपलब्ध गराउने सम्वन्धी प्रक्रिया तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।
(४) खेती नगरी लगातार २ बर्षसम्म बाँझो रहेको कृषि योग्य जमिन स्थानीय सरकारले तोकिए बमोजिम कृषि प्रयोजनका लागि प्रयोगमा ल्याउन सक्नेछ।

**२२. स्वामित्व हस्तान्तरण नहुने:** यस ऐनको दफा १५ बमोजिम कुनै जग्गा वा भौतिक साधन उपलब्ध गराएको अवस्थामा करार गरेको वा लिजमा लिएको कारणले मात्र जग्गा वा भौतिक साधनमा करारका पक्षको स्वामित्व हस्तान्तरण हुने छैन ।

**२३. पुन: करार गर्न नहुने :** यस कार्यविधि बमोजिम करार गर्ने पक्षले दोश्रो पक्षको सहमती नलिइ सोही विषयमा तेश्रो पक्षसँग पुन: करार गर्न पाउने छैनन ।

**२४. व्यवसायिक कृषि करारका विषयवस्तुहरू:** (१) यस कार्यविधि बमोजिम कृषि करार गर्दा करारको प्रकृति र अवस्था अनुरूप अनुसूची -२ मा उल्लेख भए बमोजिम हुनेछ ।
(२) यस ऐनको प्रतिकलु नहुने गरी पक्षहरूको सहमतिमा उपदफा (१) मा उल्लेखित विषय बाहेकका अन्य उपयुक्त विषयवस्तुहरू समेत व्यवसायिक कृषि करारमा समावेश गर्न सकिनेछ ।

**२५. व्यवसायिक कृषि करारका पक्षहरूको दायित्व :**(१) यस ऐनको दफा १५ वा १६ बमोजिम कृषि व्यवसाय सञ्चालन गर्न लिएको जग्गा तथा भौतिक साधनमा पक्षहरूको दायित्व यस कार्यविधि उल्लेख भएको अतिरिक्त अन्य दायित्व करारमा तोकिए बमोजिम हुनेछ ।
(२) कृषि वस्तुको परिमाण वा क्षेत्र तोकी गरिने व्यवसायमा पक्षहरूको दायित्व पक्षहरू बीच करार भएकोमा यस ऐनमा उल्लेख भएको अतिरिक्त अन्य कुराहरू करारमा उल्लेख भए बमोजिम हुनेछ ।
(३) व्यवसायिक कृषि करार गर्ने पक्षहरूले कृषि करार प्रयोजनको लागि कृषि उत्पादन सामग्री, प्रविधि र ऋण वा अन्य सहायता आफै वा वित्तीय संस्थाहरू मार्फत तोकिएका शर्तहरूको आधारमा उपलब्ध गराउने गरी आ-आफ्नो दायित्व निर्धारण गर्न सक्नेछंन् ।
(४) व्यवसायिक कृषि करार गर्ने पक्षहरूले प्रचलित कानूनको प्रतिकूल नहुने गरी गर्नु पर्नेछ ।

**२६. करार पूरा गर्नु पर्ने समय र तरिका :**
(१) करारमा करार पूरा गर्ने समय र तरिका उल्लेख भएकोमा उल्लिखित समयभित्र र उल्लिखित तरिका वमोजिम करार पूरा गर्नु पर्नेछ ।
(२) करार वमोजिमको काम गर्न करारमा कुनै समय वा तरिका तोकिएको रहनेछ तर सो काम कुनै खास समयमा वा कुनै खास तरिकाले मात्र गर्न सकिने रहेछभने सोही समयमा सोही तरिका वमोजिम गर्ने गरी करार भएको मानिनेछ
(३) उपदफा (२) मा लेखिएको अवस्थामा वाहेक करारमा करार पूरा गर्ने समय र तरिका उल्लेख नभएमा उचित समयभित्र उपयुक्त तरिका अपनाई पूरा गर्नु पर्नेछ ।

**२७. करार पूरा गर्ने स्थान:**(१) करार वमोजिम काम पूरा गर्न कुनै निश्चित स्थान तोकिएको रहेछ भने सो काम सोही स्थानमा पूरा गर्नु पर्नेछ ।
(२) करार वमोजिम कुनै एक पक्षले अर्को पक्षलाई कुनै मालसामान दिने वा बुझाउने स्थान करारमा तोकिएको रहेछ भने सोही स्थानमा नै दिनु वा बुझाउनु पर्नेछ ।
(३) करार वमोजिम काम गर्ने निश्चित स्थान नतोकिएको तर सो काम कुनै खास स्थानमा मात्र गर्न सकिने वा चलन व्यवहार वा सो कामको प्रकृति अनुसार कुनै खास स्थानमा मात्र गर्नु पर्ने किसिमको रहेछ भने सो काम सोही स्थानमा गर्ने गरी करार भएको मानिनेछ ।
(४) उपदफा (२) र (३) मा लेखिए देखि वाहेक अन्य अवस्थामा करार वमोजिम काम गर्ने स्थान करारमा उल्लेख भएको रहेनछ भने करार वमोजिम काम गर्ने पक्षले अर्को पक्षलाई मनासिव

माफिकको स्थान तोकिदिन सूचना गर्नु पर्नेछ र अर्को पक्षले पनि सो काम गर्न मनासिब माफिकको स्थान तोकिदिनु पर्नेछ ।

**२८. करार पूरा गर्नु नपर्ने अवस्था** :देहायका अवस्थामा करार बमोजिम काम गर्न आवश्यक पर्ने छैन ।

(क) करारको एक पक्षले अर्को पक्षलाई करार बमोजिमको दायित्व पूरा गर्नु नपर्ने गरी छुट दिएमा,
(ख) बदर गराउन सकिने करार बदर गराउन पाउने पक्षले बदर गराएमा,
(ग) अर्कोपक्षले करार उल्लंघन गरेको कारणबाट करारको परिपालना हुने नसक्ने भएमा,
(घ) यस ऐनको कुनै व्यवस्था बमोजिम करार बमोजिमको काम गर्नु नपर्ने भएमा,
(ङ) करार गर्दाको परिस्थितीमा आधारभूत परिवर्तन भै करारको परिपालना गर्न असम्भव भएमा ।

**२९. करार दर्ता गर्नु पर्ने :** (१) यस कार्यविधि अन्तर्गत सम्पन्न गरिएका करारहरू सम्झौता भएको मितिले पैतिस दिनभित्र नगरपालिकामा दर्ता गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम करार दर्ता गर्दा तोकिए बमोजिमको दस्तुर लाग्नेछ ।

(३) दर्ता नगरिएको करारको आधारमा नेपाल सरकार वा अन्य निकायले दिने सुविधा वा सहुलियत दिने प्रयोजनको लागि मान्यता प्राप्त गर्ने छैन ।

(४) उपदफा (१) बमोजिम भएको करारको आधिकारिक प्रति गाउँपालिकाको तोकिएको अधिकारीले अनिवार्य रूपले राख्नु पर्नेछ ।

(५) उपदफा (१) बमोजिमको करार दर्ता गर्न दुवै पक्षहरू स्वयम् वा उनीहरूको कानुन बमोजिमको प्रतिनिधि उपस्थित हुनु पर्नेछ ।

(६) गाउँपालिकाले कुनै व्यवसायी वा कृषकले कृषि करार दर्ता गर्न ल्याएकोमा दर्ता गर्ने अधिकारीले यस कार्यविधि बमोजिम उल्लेख हुनुपर्ने कुनै कुरा उल्लेख नभएको वा अनुचित प्रावधान उल्लेख भएकोमा सो परिमार्जन गरेर मात्र दर्ता गर्न आदेश दिन सक्नेछ ।

(७) उपदफा (६) बमोजिम दिइएको आदेश करारका पक्षहरूले पालन गर्नु पर्नेछ ।

## परिच्छेद ६
## विवाद समाधान

**३०. विवादको समाधान :**

(१) यस कार्यविधि अन्तर्गत गरिएका कृषि करारको कार्यान्वयनको सम्बन्धमा कुनै विवाद उत्पन्न भएमा त्यस्ता विवादहरू पक्षहरूले आपसी बार्ताबाट समाधान गर्न सक्नेछन् ।

(२) उपदफा (१) बमोजिम वार्ताबाट विवाद समाधान हुन नसकेमा पक्षहरूले प्रचलित कानुन बमोजिम स्थानीय न्यायिक समितिमा निवेदन दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम निबेदन पर्न आएमा स्थानीय न्यायिक समितिले पैतिस दिन भित्र मेलमिलापको माध्यमबाट विवादको टुङ्गो लगाउँनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम भएको विवादको टुङ्गो उपर चित्त नबुझने त्यस्तो पक्षले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम ३५ दिनभित्र सम्वन्धित जिल्लाअदालतमा पुनरावेदन गर्न सक्नेछ ।

(५) उपदफा (३) बमोजिम मेलमिलापबाट विवाद समाधान हुन नसकेमा पक्षहरूले प्रचलित कानुन बमोजिम मध्यस्थता सम्बन्धी कारवाही अगाडी बढाउन समेत सक्नेछन् ।

(६) मध्यस्थता सम्बन्धी कारवाही अगाडी बढाउँदा मध्यस्थकर्ताको नाम करारमा नै उल्लेख भएकोमा सोही बमोजिम हुनेछ ।

(७) उपदफा (६) बमोजिम करारमा नाम उल्लेख नभएकोमा पक्षहरूका प्रतिनिधि, स्थानीय तहका प्रतिनिधि वा स्थानीय तहबाट तोकिएका विषयविज्ञ वा मेलमिलापकर्ता सहितको मध्यस्थता समितिको गठन गरिनेछ ।

(८) उपदफा (७) बमोजिम मध्यस्थता चयनको लागि दुबै पक्षहरूबाट अनुरोध भइ आएमा सम्वन्धित व्यक्ति वा कार्यालयले अनिवार्य रूपमा ७ दिन भित्रमा लिखित सहमति वा असहमति दिनु पर्नेछ ।

(९) मध्यस्थता समितिले उजुरी परेको सात दिनभित्र वार्ताद्वारा विवादको समाधान गर्नु पर्नेछ ।

(१०) उपदफा (९) बमोजिम विवाद समाधान हुन नसकेमा सम्वन्धित पक्षलाई उजुरी उपर सात दिनको म्याद दिइ प्रतिवाद गर्ने मौका दिनु पर्नेछ ।

(११) उपदफा (१०) बमोजिमको समयावधिभित्र सम्वन्धित पक्षले प्रतिवाद गरी वा नगरी बसेमा सो व्यहोरा उल्लेख गरी मध्यस्थता समितिले थप सात दिनभित्रमा आफ्नो निर्णय दिनुपर्नेछ ।

(१२) उपदफा (११) बमोजिम मध्यस्थता समितिद्वारा गरिएको निर्णय अन्तिम हुनेछ ।

(१३) यस कार्यविधि बमोजिम मध्यस्थता समितिद्वारा गरिएको निर्णय उपर चित्त नवुझ्ने पक्षले मध्यस्थता ऐन, २०५५ को म्यादभित्रै सम्वन्धित उच्च अदालतमा निवेदन दिन सक्नेछ ।

(१४) मध्यस्थता समितिको अन्य कार्यविधि करारमा उल्लेख भएकोमा सोही वमोजिम र अन्यका हकमा मध्यस्थता समितिले तोके बमोजिम हुनेछ ।

(१५) मध्यस्थकर्ताले पारिश्रमिक र सुविधा पक्षहरूबाट लिन सक्ने छन् ।

**३१. म्याद सम्बन्धमा :** यस ऐन बमोजिमको विवादमा पक्षको कावु वाहिरको परिस्थिति परी यस ऐनको दफा २५ को उपदफा (१०) बमोजिमको म्याद गुज्रन गएमा एक पटकलाई बढीमा पन्ध्र दिन म्याद थाम्न पाउनेछ ।

**३२. मध्यस्थता समितिको निर्णयको कार्यान्वयन :**

(१) मध्यस्थता समितिको निर्णय भएको सात दिनभित्रमा पक्षहरूले निर्णय कार्यान्वयन गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम कुनै पक्षले तोकिएको समयमा निर्णयको कार्यान्वयन नगरेमा त्यस्तो निर्णयको कार्यान्वयनमा जिल्ला प्रशासन कार्यालय र अन्य निकायको सहयोग लिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिमको कार्यालयले निर्णय कार्यान्वयन गर्ने सिलशिलामा सम्वन्धित पक्षको सम्पत्ति वा कारोबार रोक्का राख्न, त्यस्तो सम्पत्ति वा कारोवार रोक्का राखेकोमा फुकुवा गर्न लेखि पठाउन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम रोक्का वा फुकुवा गरिदिन अनुरोध भई आएमा सम्वन्धित मालपोत कार्यालय, बैंक वा वित्तीय संस्थाले त्यस्तो सम्पत्ति वा कारोवारको रोक्का वा फुकुवा गर्नु पर्नेछ ।

(५) मध्यस्थता सम्बन्धी विषयमा यस कार्यविधि उल्लेखित विषयका हकमा यसै कार्यविधि वमोजिम र अन्य विषयका हकमा मध्यस्थता ऐन, २०५५ बमोजिम हुनेछ ।

## परिच्छेद७
## विविध

**३३. व्यवसाय दर्ता गर्नु पर्ने :**

(१) करार गरी कृषि व्यवसाय सञ्चालन गर्न चाहने कृषक, कृषि फार्म वा एजेण्ट लगायतले दर्ता नगरी व्यवसाय सञ्चालन गर्न हुदैन ।

(२) उपदफा (१) बमोजिमको व्यवसाय दर्ता प्रमुख प्रशासकिय अधिकृतले गर्नेछ । निजले कम्तिमा अधिकृतस्तरको कुनै कर्मचारीलाई आवश्यकता अनुसार यस्तो करार दर्ता गर्ने अधिकार प्रत्यायोजन गर्न सक्नेछ ।

(३) व्यवसाय करार दर्ता तथा शुल्क लगायतका अन्य व्यवस्था कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

**३४. क्षतिपूर्ति सम्बन्धी व्यवस्था :**

(१) करार कार्यान्वयनको सन्दर्भमा कुनै पक्षका काम कारवाहीबाट अर्को पक्षलाईक्षति पुग्न गएमा करारमा नै क्षतिपूर्तिको मात्रा तोकिएकोमा सोही बमोजिम र नतोकिएको हकमा सम्झौताको प्रकृति, स्थलगत निरीक्षण, स्थानीय सर्जमिन, विशेषज्ञको राय, प्रचलित दरभाउ समेत बुझी सोको आधारमा मर्का पर्ने पक्षलाई मध्यस्थता समितिले क्षतिपूर्ति भराइदिने निर्णय गर्न सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि पक्षको कावु वाहिरको परिस्थितिले गर्दा करारको यथावत् परिपालना हुन नसकेको अवस्थामा यस ऐन बमोजिमको दायित्व तिर्नु व्यहोर्नु पर्ने छैन । तर करार गर्दाको अवस्थामा पक्षवीच कुनै लेनदेन भएको रहेछ भने अवस्था हेरी मर्का पर्ने पक्षलाई लेनदेनको सामान,
वस्तु वा नगद फिर्ता दिनु पर्नेछ ।

**३५. कारवाही चलाउने तथा दण्ड सजाय गर्ने अधिकारी :**

(१) यस कार्यविधि बमोजिम दण्ड सजाय गर्ने वा क्षतिपूर्ति भराउने अधिकार स्थानीय न्यायीक समितिलाई हुनेछ ।

(२) यस ऐन बमोजिम कारवाही तथा सजाय हुने मुद्दा अनुसन्धान तथा तहकिकात गर्ने अधिकारीले सम्बन्धित जिल्ला सरकारी वकिल कार्यालयको परामर्श तथा सहयोग लिन सक्नेछ ।

**३६. दण्ड सजाय :**

(१) कसैले यस ऐनको देहाय बमोजिम कसुर गरेमा देहाय बमोजिमको सजाय हुनेछ:

(क) दफा ३ र ४ विपरित कृषि वजार स्थापना र सञ्चालन गरेमा पच्चि सहजार देखि पचास हजार रूपैयाँसम्म,

(ख) मनासिव कारण वेगर दफा २८ को उपदफा (२) को कार्य नगरेमा वा गर्न इन्कार गरेमा त्यस्तो कार्यालयको मुख्य भई कार्य गर्ने अधिकारी वा त्यस्तो कार्य कुनै अधिकारीलाई प्रत्यायोजन गरिएकोमा त्यस्तो जिम्मेवारी प्राप्त अधिकारीलाई पच्चिस हजारदेखि पचास हजार रूपैयाँसम्म,

(ग) दफा २९ बमोजिम क्षतिपूर्ति भर्ने आदेश दिएकोमा लापरवाही पूर्वक त्यस्तो क्षतिपूर्ति नदिएमा त्यस्तो अटेर गर्नेलाई पच्चिस हजारदेखि पचास हजार रूपैयाँसम्म ।

(घ) यस कार्यविधि वा यस कार्यविधि अन्तरगत बनेको नियमावली विपरित कुनै कार्य गरी त्यसबाट कसैको हानी नोक्सानी भएको रहेछ भने त्यस्तो हानी नोक्सानी निजबाट नै भराईनेछ ।

**३७. पुनरावदेनः** यस कार्यविधिको को दफा (३१) बमोजिम दिएको सजायमा चित्त नबुझ्ने पक्षले पैंतीस दिनभित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन दिन सक्नेछ ।

**३८. बीमा सम्बन्धी व्यवस्थाः**

(१) यस कार्यविधि बमोजिम करार गरी गरिएको कृषि उपजको उत्पादनको सम्झौताको आधारमा विमा समितिले तोकेको प्रकृया पुरा गरी त्यस्तो वीमा कार्य गर्न अख्तियार पाएको विमा कम्पनीले विमा गर्नेछ

(२) वीमा गर्ने प्रक्रियाका सम्वन्धमा वीमा समितिले समय समयमा निर्धारण गरे बमोजिम हुनेछ ।

(३) यस कार्यविधि बमोजिम गरिने व्यावसायिक कृषि करार सम्वन्धित निकायमा दर्ता हुनासाथ सोही मितिबाट लागू हुने गरी सम्वन्धित वीमा कम्पनीले वीमा गर्न सक्नेछ ।

(४) कुनै वीमा कम्पनीले व्यावसायिक कृषि करारको विमा गर्दा तिर्नु परेको क्षतिको अङ्क बराबर आफ्नो खुद करयोग्य आयबाट घटाउन पाउनेछ ।

**३९. प्रचलित कानून बमोजिम हुने :** यस कार्यविधिमा लेखिएको विषयमा यसै ऐन बमोजिम र अन्य विषयमा प्रचलित कानून बमोजिम हुनेछ ।

**४०. वौद्धिक सम्पत्तीको संरक्षण गर्नु पर्ने :** यस कार्यविधि बमोजिम कृषि व्यवसायको प्रवर्द्धन गर्दा वा व्यवसायिक कृषि करार गर्दा वौद्धिक सम्पत्ती, भौगोलिक परिचय तथा कृषक अधिकार समेतको संरक्षण हुने गरी गर्नु पर्नेछ ।

**४१. नियम वनाउन सक्ने :** यस कार्यविधिको उद्देश्य कार्यान्वयन गर्न कार्यपालिकाले आवश्यक नियम, मापदण्ड बनाउन सक्नेछ ।

**४२. समुह दर्ता सम्बन्धि व्यवस्था :** यस भीमदत्त नगरपालिका क्षेत्र भित्रका वडाहरुमा कृषक समुह दर्ता गर्नका लागि अनुसुची ३ बमोजिमको प्रक्रिया पुरा भए पछि नगरपालिकाले अनुसूचि ४ बमोजिम समुह विवरण अद्यावधिक राख्ने र अनुसूचि ५ बमोजिम समुह दर्ता प्रमाण पत्र उपलव्ध गराउने छ ।

**४३. बचाऊ :** यस कार्यविधिको उद्देश्य तथा विषयक्षेत्रमा प्रचलित नेपाल कानुन बमोजिम यस अघि भएका कार्यहरू यसै कार्यविधि वमोजिम भएको मानिनेछ ।

## परिच्छेद-१
## कृषि समुहको विधानको ढांचा

प्रारम्भिकः
संक्षिप्त नाम र प्रारम्भः
प्रारम्भिकः
१. संक्षिप्त नाम र प्रारम्भः
१.१ यस विधानको नाम .............................. कृषक समूह .......................... को विधान .............................. रहेको छ ।
१.२ यो विधान यसका सदस्यहरुका लागि मात्र अधिकार प्राप्त अधिकारीको स्वीकृति पछि मात्र लागु हुनेछ ।
**२. समूहको छाप :**
**३. कार्यालय रहने स्थान :**
यस समूहको कार्यालय हाललाई ..................................................वडा नं.....मा रहनेछ ।
**४. कार्यक्षेत्र :**
यो विधानको कार्यक्षेत्र यस विधानका सदस्यहरु रहने स्थानका साथै अन्य कृषि वस्तु बजारको लागि नगर क्षेत्रका विभिन्न बजारहरु हुनेछ ।

## परिच्छेद-२
## उद्देश्यहरु:

५. उद्देश्यहरु:

(क)

(ख)

(ग)

(घ)

## परिच्छेद-३
## सदस्यहरुको विवरण

६. सदस्यहरुको विवरण

| क्र.सं. | सदस्यको नाम | ठेगाना | खेती योग्य क्षेत्रफल |
|---|---|---|---|
| | | | |

**७. सदस्यता शुल्क**

समूह सदस्य वन्नका लागि समूह बैठकले निश्चित शुल्क तोक्ने छ र उक्त शुल्क तिरी सदस्यता लिन सक्नेछ। तर नयाँ सदस्यको हकमा भने समूहले तोकेको शुल्कका साथै हितकोषमा अन्य समूह सदस्यहरुले हालसम्म तिरेको रकम वाफत एकमुष्ट वा समूहको निर्णय अनुसार रकम तिरी नयाँ सदस्य थप्न सक्ने छ।

**८. सदस्य बर्खास्त हुने शर्तहरु :**

यदि समूह सदस्य कसैले समूहको हित विपरित कार्य गरेमा उसको सदस्यता समूह बैठकका उपस्थित सदस्य मध्ये दुई तिहाई सदस्य संख्याको निर्णय अनुसारको रकम तिरी नयाँ सदस्य थप्न सक्ने छ।

## परिच्छेद - ४
## समुह भेला

**९. समूहको भेला :**

समूहले वर्षभरी सम्पादन गरेको कार्यहरुका र समूहको आय-व्यय कम्तिमा पनि वर्षको एक पटक आफ्नो समूहका प्रभाव क्षेत्र भित्रका आम कृषकहरुको एक भेला वोलाईप्रस्तुत गर्नुपर्ने छ र सो को प्रतिवेदन पञ्चेश्वर गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयमा पेश गर्नुपर्ने छ।

**१०. समूहको बैठक र निर्णय :**

(क) समूह बैठक समूहको निर्णय अनुसार तोकेको समय, मिति र स्थानमा हरेकमहिनाको कम्तिमा एक पटक बस्ने छ। सो बैठकका निर्णय, गत महिनाकानिर्णयको कार्यान्वयनको अवस्था तथा अन्य विवरण सम्वन्धित वडा कार्यालयमाजानकारी गराउनु पर्ने छ।

(ख) लगातार ६ महिनासम्म समूहको बैठक नवसेमा तथा वडा कार्यालयमा जानकारी नआएमा पञ्चेश्वर गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयले सोसमूहको अनुगमन गरी समूह खारेज समेत गर्न सक्ने छ ।
(ग) समूह दर्ता भएपछि हरेक वर्ष श्रावण महिनामा पञ्चेश्वर गाउँपालिकागाउँकार्यपालिकाको कार्यालयमा गई आवश्यक कागजातहरु समेतबुझाई नविकरण गर्नु पर्नेछ ।
आवश्यक कागजातहरु:
समूहको निर्णयसमूहको वार्षिक कार्ययोजनागतवर्ष गरेको गरेको कार्याहरुको प्रतिवेदन तथाPublic Auditको रिपोर्टसमूहका सदस्य,
हितकोष तथा अन्य विवरणहरु

## परिच्छेद-५
## समूहको कोष तथा परिचालन

**११. समूहको कोष तथा परिचालन:**
समूहको मासिक वचत तथा अन्य क्रियाकलापहरुबाट भएको आम्दानी समूहका आवश्यक कार्यहरु तथा समूहको विकासका लागि कृषि विकासका जुनसुकै ठाउँमा पनि समूहको निर्णय अनुसार खर्च गर्नसक्नेछ

## परिच्छेद-६
## विविध

**१२. विविध**
(क) समूहको विधानको दफा उपदफाहरुमा प्रचलित नियम कानुनसँग बाँझिएमा सो दफा उपदफाहरु बाँझिएको हदसम्म स्वत: निस्कृय हुने छैन ।
(ख) विधान संसोधन, थपघट तथा अन्य परिवर्तनका लागि सामुहिक समझदारी तथा सर्वसम्मतिवाट गरिनेछ । सो कार्यहरुमा पञ्चेश्वर गाउँपालिको कार्यालयको सहयोग समेत लिन सकिने छ ।

..........................कृषक समूहको वार्षिक कार्ययोजना
आ.व. ......................... समूहको नाम :
............................................................
ठेगाना अध्यक्षको नाम फोन नं.

| क्र. सं. | कार्य विवरण | क्षेत्रफल | कठ्ठा/विघा | प्रथम चौमासिक (श्रावण कार्तिक) | दोस्रो चौमासिक (मंसिर फाल्गुण) | तेस्रो चौमासिक (चैत्र-असाढ) | |
|---|---|---|---|---|---|---|---|
| | बाली उत्पादन कार्यक्रम (क) बीउ उत्पादन (ख) बाली उत्पादन (गं) उखु उत्पादन | | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | वागवानी कार्यक्रम (क) तरकारी उत्पादन (ख) फलफूल विरुवा (ग) मसाला उत्पादन | | | | | |
| | वाली संरक्षण कार्यक्रम (क) मौरी (ख) च्याउ (ग) अन्य | | | | | |
| | माछा पालन कार्यक्रम | | | | | |
| | तालिम तथा भमण कार्यक्रम (क) (ख) (ग) | | | | | |
| | कृषि औजार खरिद (क) (ख) | | | | | |
| | वार्षिक साधारण सभ | | | | | |
| ८. | वार्षिक प्रगति रिपोर्टिग | | | | | |
| | | | | | | |

**समूह दर्ताको लागि निवेदन तथा विवरण फाराम**

श्रीमान प्रमुख प्रशासकिय अधिकृत ज्यु
श्री पञ्चेश्वर गाउँपालिका
आमचौरा , बैतडी

विषय :- समुह दर्ता वारे ।

पञ्चेश्वर गाउँपालिका..............नं वडा कार्यालयको सहयोगमा/हामी आफै संगठित भई............. वडा गठन भएको हाम्रो समूह पञ्चेश्वर गाउँपालिकाकार्यालयमा दर्ता गरी पाउन निम्न विवरण सहित यो निवेदन गरेका छौं ।

.........................

समूह अध्यक्षको

नाम:

दस्तखत:

मिति :

समूहको विवरण :

समूहको नाम : .......

स्थापना वर्ष.....................

पञ्चेश्वर गाउँपालिका वडा नं. ........... गाउँ/टोल ...........................

समूहको उद्देश्य :

१.

२.

३.

४.

सदस्य संख्या पुरुष .................... महिला .................... जम्मा..................

पदाधिकारीहरुको नाम :

| क्र.स. | नाम | पद | योग्यता | क्षेत्रफ | दस्तकत |
|---|---|---|---|---|---|
| | | अध्यक्ष | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

नियमित वैठक वस्ने दिन ..............................

प्रति महिना समूहको हितकोष संकलन हुन सक्ने रु. ......................

हालसम्मको हितकोषमा जम्मा रकम रु. ............................

## अनुसूची-१
### दफा २ को खण्ड (छ) सँग सम्बन्धित

(१) खाद्यान्न वाली,

(२) वागवानी जन्य: फलफूल, तरकारी, मसलावाली, पूष्प

(३) पशु, पंछी

(४) माछा, मासु, दुध, फुल, हाड, छाला, ऊन

(५) च्याउ,

(६) मौरी, रेशम

(७) चिया, कफी, अलैची, सुपारी, घाँसेवाली

(८) तेलहन, दलहन
(९) कपास, जुट, उखु, जडीबुटी खेती,
(१०) कृषि पर्यटन
(११) कृषिका सबै उपक्षेत्रसँग सम्बद्ध उत्पादन र सो शब्दले औधोगिक प्रयोजनमा हुने कृषिवस्तुहरू
(१२) कृषि तथा पशुजन्य उत्पादनको प्रशोधन उद्योग
(१३) कृषितथापशुजन्यउत्पादनसामाग्री(दाना,मलखाद्य,विषादी,औषधी)आदिको प्रसोधन उद्योग
(१४) खेती प्रणालीमा समाविष्ट कृषि तथा पशुजन्य बस्तुहरू ।
(क) करारका पक्षहरू,
(ख) करार खेतीको क्षेत्र,
(ग) जग्गा र भौतिक साधन,
(घ) वस्तुको विवरण, मात्रा,
(ङ) गुणस्तर,
(च) सम्झौताको अवधि,

अनुसूची-२

(दफा १९ सँग सम्बन्धित)

(क) उत्पादन गरिने वस्तुको खरिद/बिक्री मूल्य,
(ख) भुक्तानीको प्रक्रिया,
(ग) ढुवानीको दायित्व,
(घ) उत्पादन प्रक्रिया,
(ङ) अनुगमनका पक्षहरू,
(१) काबु बाहिरको परिस्थितिबाट उत्पादनमा पर्न सक्ने असर र त्यसको दायित्व,
(२) गुणस्तर निर्धारणका आधारहरू,
(३) पक्षहरूले एक अर्कोलाई उपलब्ध गराउने सेवा तथा सुविधा,
(४) करारको पालनामा विवाद भएमा अपनाइने समाधानका उपाय जस्तै मेलमिलाप तथा मध्यस्थता लगायतका विषय वस्तुहरू आदि ।
(५) कृषि उपजको मूल्य निर्धारण सम्वन्धी व्यवस्था ।

अनुसूची-३

(दफा ४२ संग सम्बन्धित)

......................कृषक समूहको विधान

प्रस्तावना:

समाजमा कृषि जनजीविकाको मुख्य श्रोत भएको हुँदा कृषि प्रणालीमा आधुनिकता ल्याई कृषि विविधिकरण तथा व्यवसायिकरणका लागि यस पञ्चेश्वर गाउँपालिका वडा नं........मा छरिएर रहेका कृषकहरुलाई संगठित गर्न ............कृषक समूह .................बैतडीको विधान तयार गरी लागु भएको छ

अनुसूची -४

(दफा ४२ संग सम्बन्धित)

समुह विवरण अद्यावधिक राख्ने

कृषक समुहहरुको विवरण राख्दा समुहको क्रियाकलाप अनुसार सक्रिय, अर्ध सकृय र निस्कृयसमुह गठन भएको तर समुहहरुलाई विवरण थाहा नभएको पनि जनाई राख्नु पर्दछ।

समुह विवरण फारामको नमुना

पञ्चेश्वर गाउँपालिका कार्यालय:

कृषक समुहको विवरण

| | समुहको नाम, ठेगाना (वडा समेत) | हालकोसदस्य संख्या | | समुह अगुवाको नाम | स्थापना वर्ष | हितकोष रकम रु | समुहको अवस्था (सकृय, अर्धसकृय, निष्कृय |
|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

**अनुसूची -५**
**(दफा ४२ संग सम्बन्धित)**
**समुह दर्ता प्रमाण पत्र नमुना**

कृषि समुह दर्ता नं.-

पञ्चेश्वर गाउँपालिकाको कार्यालय

<u>कृषक समुह दर्ता प्रमाण-पत्र</u>

दर्ता मितिः-

समुह पद्धतिलाई सुव्यवस्थित गर्दै कृषि प्रसार कार्यलाई टेवा पुर्याउने उद्येश्यले यस पञ्चेश्वर गाउँपालिका वडा नं. ............मा मिति .........गठित श्री..........................कृषक समुहलाई यस कार्यालयको अभिलेखमा दर्ता/सुचीकृत गरी यो प्रमाण पत्र प्रदान गरिएको छ।

...................... ................................

कृषि शाखा प्रमुख

मिति- प्रमुखप्रशासकीय अधिकृत

**आज्ञाले**
**कमलापति भट्ट**
**प्रमुख प्रशासकिय अधिकृत**